आकाशवाणी

मुख्य समाचार।

- प्रधानमन्त्रीले मिशन मौसमको गर्नुहुनेछ  शुभारम्भ
- राष्ट्रपति र उप-राष्ट्रपतिले मकर संक्रांति, पोङ्गल र माघ बिहू तिहारको दिनुभयो शुभकामना
- देशका युवाले भारतलाई  विकसित राष्ट्र बनाउनमा सबैभन्दा ठूलो योगदान दिने
- शकूर बस्ती इलाकाको भूमि उपयोगमा बदलाव गरिएको आरोप खारिज  ,अन्नि
- महाकुम्भ दुई हजार पचीस आध्यात्मिक समागमका लगि मात्र नभएर वैश्विक पर्यटनका लागि पनि ऐतिहासिक

**प्रधानमन्त्री-आईएमडी**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले  भोली देशलाई मौसम र जलवायु प्रति स्मार्ट राष्ट्र बनाउने लक्ष्यका साथ मिशन मौसमको शुभारम्भ गर्नुहुनेछ। मिशनको उद्देश्य अत्याधुनिक मौसम निगरानी तकनीक र प्रणाली विकसित गरेर, उच्च-रिज़ल्यूशन वायुमण्डलीय अवलोकन, अगिलो पीढ़ीको रडार र उपग्रहका माध्यमले उच्च-प्रदर्शन हासिल गर्नु हो । श्री मोदीले  नयाँ दिल्लीमा मौसम विभागको एक सय पचासौं स्थापना दिवसको समारोहमा यसको शुभारम्भ गर्नुहुनेछ। प्रधानमन्त्रीले मौसम र जलवायु परिवर्तन अनुकूलनका लागि मौसम विभागको भिज़न- दुई हजार सैतालिस दस्तावेज़लाई पनि जारी गर्नुहुनेछ। यसमा मौसम **पूर्वानुमान**, मौसम प्रबंधन र जलवायु परिवर्तन शमनको योजना  शामेल छ।

**संशो. राष्ट्रपति - उपराष्ट्रपति :  लोहड़ी बधाई**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु र उप-राष्ट्रपति श्री जगदीप धनखड़ले मकर संक्रांति, पोङ्गल र माघ बिहू तिहारको शुभकामना दिनुभयो । आफ्नो सन्देशमा राष्ट्रपतिले भन्नुभयो, यो तिहार देशको समृद्ध सांस्कृतिक विरासतको प्रतीक हो र यसले  सबैको जीवनमा उत्साह तथा खुशी ल्याउँछ। उहाँले भन्नुभयो, यो तिहारलाई देशको विभिन्न क्षेत्रमा विविध रूपमा मनाइन्छ र यसले प्रकृति संग जोड़ीरहने अनुभूति गराउँछ। यस तिहारमा मानिसहरू पवित्र नदीमा पवित्र स्नान गर्छन् र दान-पुण्य पनि गर्ने गर्छन्। उपराष्ट्रपतिले भन्नुभयो, यो तिहार हम्रो देशको विविध परिदृश्यमा अद्वितीय ढंगले मनाइन्छ भने यसले फसलको मौसमको सम्मान गर्ने देशको पुरानो परम्पराको प्रतिनिधित्व पनि गर्छ।  उपराष्ट्रपतिले लोहड़ी र माघ बिहूको पवित्र लपट-ले सबै विपत्ति हटाउने कामना गर्नुभयो ।

**सीडीएस-एनसीसी**

प्रमुख रक्षा अध्यक्ष **जनरल  अनिल चौहानले** आज भन्नुभएको छ, देशका युवाले दुई हजार

सैतालीस सम्ममा भारतलाई विकसित राष्ट्र बनाउनमा सबैभन्दा ठूलो योगदान दिनेछन् । आज नयाँ दिल्लीमा राष्ट्रीय कैडेट कोर-एन.सी.सी गणतंत्र दिवस- दुई हजार पचीसको शिविरमा युवा एन.सी.सी कैडेटहरूलाई संबोधित गर्दै **जनरल चौहान**ले पूरा वर्ष एक पेड़ मां के नाम अभियान अन्तर्गत एक लाख भन्दा अधिक विरूवा लगाएकोमा युवा कैडेटहरूको प्रशंसा गर्नुभयो । उहाँले भन्नुभयो , पुनीत सागर अभियान अन्तर्गत कैडेटहरूले तीन सय सताइस टन फोहोर पनि हटाएका छन् । **चीफ अफ डिफेन्स स्टाफ अनुसार**, यस बर्ष अन्तरराष्ट्रीय योग दिवसमा दस लाख भन्दा अधिक एन.सी.सी कैडेटले भाग लिए ।

## आयुष्मान भारत - ओडिशा

ओडिशा, आयुष्मान भारत प्रधानमन्त्री जन आरोग्य योजना लागू गर्ने चौतिसौं राज्य र केन्द्र शासित प्रदेशमा शामेल भएको छ । यस योजना अन्तर्गत हरेक परिवारलाई स्वास्थ सेवाका लागि प्रति वर्ष पाँच लाख रुपियाँको स्वास्थ्य कवर प्रदान गरिन्छ। राष्ट्रीय स्वास्थ्य प्राधिकरण र ओडिशा सरकारको स्वास्थ्य तथा परिवार कल्याण विभागले यस सम्बन्धमा आज नयाँ दिल्लीमा एउटा समझौता ज्ञापनमा हस्ताक्षर गरेकोछ। केन्द्रिय स्वास्थय मन्त्री श्री जगत प्रकाश नड्डाले भन्नुभयो, आयुष्मान भारत योजना अन्तर्गत अस्पतालमा आठ करोड़ भन्दा अधिक रोगीहरूको इलाजको सुविधा मिलिरहेको छ । देशको दूर-दराजको इलाकाबाट यस सुविधाको लाभ उठाउने संख्यामा वृद्धि भएको छ ।

## समाचार आकाशवाणीबाट सुन्दैहुनुहुन्छ।

## दिल्ली-निर्वाचन अधिकारी

दिल्लीका मुख्य निर्वाचन अधिकारी **सुश्री आर. एलिस वाजले** भन्नुभएको छ, दिल्ली विधानसभा चुनावका लागि मतदान सुचारू रूपमा सम्पन्न गर्न सबै मतदान केन्द्रको लाइव रेखदेख गरिनेछ। नयाँ दिल्लीमा उहाँले भन्नुभयो , प्रत्येक जिलामा एक नोडल अधिकारी नियुक्त गरिनेछ। सुश्री वाजले भन्नुभयो, पचासी वर्ष भन्दा अधिक आयुका नागरिक र दिव्यांगले घर बसेरै मतदान दिन सक्नेछन् । उहाँले भन्नुभयो, दिव्याङ्ग र पचासी वर्ष भन्दा अधिक आयुका मतदाताका लागि Pick and Drop सुविधा पनि विशेष रूपमा उपलब्ध हुनेछ।

## दिल्ली-एलजी-केजरीवाल

दिल्लीका उपराज्यपाल श्री विनय कुमार सक्सेनाले आम आदमी पार्टीका संयोजक श्री अरविन्द केजरीवालले हालैमा दिल्ली विकास प्राधिकरण-डी.डी.ए को बैठकमा शकूर बस्ती इलाकाको भूमि उपयोगमा बदलाव गरिएको आरोपलाई खारिज गर्नुभएको छ। उहाँले आरोपलाई

निराधार बताउदै भन्नुभयो , डी.डी.ए-ले न त यस कोलोनीको भूमि उपयोगमा बदलाव गरेको छ, न कुनै **बेदखली वा तोड़फोड़को** नोटिस दिएको छ। उहाँले भन्नुभयो, डी.डी.ए- को बैठकमा आपका दुई जना विधायकको पनि उपस्थिति रहेको थियो । श्री सक्सेनाले आम आदमी पार्टीका नेताहरूले जानाजानी जनतालाई भ्रममा पारेको आरोप लगाउनुभयो ।उहाँले यस प्रकारको बयान दिन बन्द गर्ने आग्रह गर्नुभयो अन्यथा डी.डी.ए ले कार्रवाई गर्ने बताउनुभयो ।

**संशो. शेखावत साक्षात्कार**

केन्द्रीय पर्यटन र संस्कृति मन्त्री श्री गजेन्द्र सिंह शेखावतले भन्नुभएको छ, महाकुम्भ दुई हजार पचीस केवल आध्यात्मिक समागमका लागि मात्र नभएर वैश्विक पर्यटनका लागि पनि ऐतिहासिक आयोजन हो। आकाशवाणी समाचारको विशेष बातचीतमा उहाँले भन्नुभयो ,यस महत्वपूर्ण अवसरमा पर्यटन मन्त्रालयले घरेलू र अन्तरराष्ट्रीय पर्यटनलाई बढ़ावा दिने उद्देश्यले केही पहल गरेको छ । श्री शेखावतले भन्नुभयो, अतुल्य भारत मण्डपले आगन्तुकलाई एउटा असामान्य अनुभव प्रदान गरिरहेको छ, जसमा भारतको समृद्ध सांस्कृतिक विरासत र कुम्भ मेलाको महत्व दर्शाइएको छ। संस्कृति मन्त्रीले भन्नुभएको छ , महाकुम्भमा कलाग्राम-शिल्प, व्यन्जन र सांस्कृतिक प्रदर्शनका माध्यम द्वारा देशको **कालातीत** परम्परालाई प्रदर्शन गर्नका लागि मन्त्रालयको प्रतिबद्धताको प्रमाण छ , जसमा आध्यात्मिकतालाई कलात्मक प्रतिभाका साथ जोड़ीएको छ।

**खो खो विश्व कप**

खो खो विश्व कप दुई हजार पचिस आज नई दिल्लीको इन्दिरा गान्धी इण्डोर स्टेडियममा शुरू हुनेछ। भारतीय ओलम्पिक संघ द्वारा समर्थित खो-खो विश्व कपको पहिलो संस्करणमा बीस पुरुष र उन्नाइस महिला टीमले हिस्सा लि रहेको छ । भारतीय पुरुष टीमले नेपालका विरूद्ध आज राती साढे आठ बजी आफ्नो अभियानको शुभारम्भ गर्नेछ। । अर्को तर्फ भारतीय महिला टीमले भोली कोरिया गणराज्य विरूद्ध आफ्नो पहिलो मुकाबला खेल्नेछ । डी.डी स्पोट्‌र्स टीवी चैनलमा म्याचको लाइव स्ट्रीमिंग गरिनेछ। **प्रतीक वायकरको** कप्तानीमा भारतीय पुरुष टीम नेपाल, पेरू, ब्राज़ील र भूटान संग ग्रुप ए-मा छ र र **प्रियंका इंगलेको** अगुआईमा भारतीय महिला टीम ईरान, मलेशिया र कोरिया गणराज्य संग ग्रुप ए – मा छ । प्रत्येक समूहका शीर्ष दुई टोलीले क्वाटरफाइनलमा स्थान बनाउनेछन् । फ़ाइनल उन्नाइस जनवरीमा खेलिनेछ।

मुख्य समाचार फेरी एकपल्ट

- प्रधानमन्त्रीले मिशन मौसमको गर्नुहुनेछ शुभारम्भ

- राष्ट्रपति र उप-राष्ट्रपतिले मकर संक्रांति, पोङ्गल र माघ बिहू तिहारको दिनुभयो शुभकामना
- देशका युवाले भारतलाई  विकसित राष्ट्र बनाउनमा सबैभन्दा ठूलो योगदान दिने
- शकूर बस्ती इलाकाको भूमि उपयोगमा बदलाव गरिएको आरोप खारिज  ,अन्नि
- महाकुम्भ दुई हजार पचीस आध्यात्मिक समागमका लगि मात्र नभएर वैश्विक पर्यटनका लागि पनि ऐतिहासिक